

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

❑ वर्ष २३ ❑ अङ्क ३३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस २२ गते शुक्रबार ❑ 6 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-



✦लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन ।

✦परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफै बाट गर्नुपर्दछ ।

✦परिवर्तनको प्रारम्भ आफ्नै घर बाट गरौ ।

नेपाल सरकार

विज्ञापन बोर्ड


## गण्डकी प्रदेशमा सरकार गठनका लागि आह्वान

**पोखरापत्र संवाददाता**

**पोखरा, २१ पुस**

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले सरकार गठनका लागि आह्वान गर्नुभएको छ।

नेपालको संविधान, २०७२ को धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रदेशसभा सदस्यलाई गण्डकी प्रदेशको मुख्यमन्त्री नियुक्तीका लागि उहाँले आह्वान गर्नुभएको हो ।




सरकार गठनका लागि २०७९ साल पुस २५ गते सोमबार १६:०० बजेभित्र दाबी पेश गर्न प्रदेश प्रमुखले आह्वान गर्नुभएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्यालले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ । मुख्यमन्त्री नियुक्तीका लागि नेपालको संविधान, २०७२ को धारा १६८ को उपधारा (१) बमोजिम कुनै पनि दलको स्पष्ट बहुमत प्राप्त नभएकाले उपधारा (२) बमोजिम आह्वान गरिएको हो ।

## अब काठमाडौँ प्रशासनको सेवामा 'समय कार्ड' : प्रजिअले गुनासो सुन्ने

**रासस**

**काठमाडौं, २१ पुस**

जिल्ला प्रशासन कार्यालय काठमाडौँले नागरिकको सेवा प्रवाहलाई प्रभावकारी बनाउन आजदेखि विभिन्न सेवा प्रवाहमा 'समय कार्ड' लागू गरेको छ।

यस्तै गुनासो सुन्न प्रजिअ आफैँ सक्रिय हुनुहुनेछ भने ६५ वर्षमाथिका नागरिकलाई सेवा दिन सहयोगी खटाउन थालिएको छ । अन्य अशक्त, दूधे बालक बोकेका महिलालगायतलाई भने लाइनमा नराखी सेवा प्रवाह गर्ने व्यवस्था पनि मिलाइएको छ।

यसले प्रशासनको सेवा प्रवाहलाई चुस्त बनाउने र नागरिकको सेवा प्रवाह प्रभावकारी हुने विश्वास रहेको प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले बताउनुभयो । कार्यालयबाट उपलब्ध हुने विभिन्न १० वटा सेवा प्रवाहका लागि समय तोकिएको र चारवटा सेवामा भने आजैदेखि समय कार्ड लागू भएको छ । काठमाडौँका सहायक प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीका अनुसार नयाँ नागरिकता, सङ्घसंस्थाको नवीकरण, नाबालाक प्रमाणपत्र प्राप्ति र मुद्दाको पेशी तथा तारिखमा समय कार्ड लागू गरिएको छ । उहाँले नागरिकताका लागि एक घण्टा, संस्था नवीकरणका लागि ३० मिनेट, नाबालक प्रमाणपत्र प्राप्तिका लागि एक घण्टा र मुद्दाको पेशी र तारिखमा ३० मिनेटभित्र सेवा प्रवाह गर्ने गरी समय कार्य तोकिएको जानकारी दिनुभयो । नयाँ नागरिकतामा मात्रै समय कार्ड लागू भएको तर प्रतिलिपि लिनका लागि भने लागू भएको छैन। कसैले आफ्नो नागकिरता बनाउनुपर्‍यो भने आवश्यक कागजपत्र लिएर प्रशासन गएर बुझाएपछि फाँटका कर्मचारीले हेरेर कागजात पुग्यो भनेको एक घण्टाभित्रमा नागरिकता दिने गरी टाइम कार्ड लागू गरिएको जनाइएको छ।

तयार भएको राष्ट्रिय परिचयपत्र वितरणमा व्यक्ति सम्बन्धित फाँटमा आएर सम्पर्क गरिसकेपछि ३० मिनेटभित्रमा कार्ड प्राप्त गर्न सक्नेछन् । तयार भएको राहदानी वितरणमा सम्बन्धित फाँटमा पुगेपछि १५ मिनेटभित्रमा दिने गरी समय तोकिएको छ। अन्य सेवामा पनि समय तोकिइसकेको र निकट भविष्यमै लागू गर्दै जाने काठमाडौँ प्रशासनले जनाएको छ। मुख्यतः संस्था नवीकरण, नागरिकता प्राप्ति, नाबालिग परिचयपत्र, मुद्दा पेशी तोक्ने, मुद्दाको तारिख, प्रिन्ट भएर आएका राहदानी वितरण, राष्ट्रिय परिचयपत्र कार्ड वितरण, जिल्ला प्रशासनले गर्ने विभिन्न सिफारिसलाई समयबद्ध बनाइएको हो। अनुसन्धान सकिएपछि मुद्दाको अन्तिम किनारा ६० दिनभित्रमा सक्ने गरी टाइम कार्ड बनाइएको छ।

प्रशासनबाट प्राप्त हुने यस्ता सेवाहरूमा गुनासो भएमा प्रजिअले शुक्रबारबाहेक अन्य बार ३ देखि ४ बजेसम्म गुनासो सुन्ने गरी आवश्यक व्यवस्थापन पनि गरिएको छ। आएका गुनासोलाई सुन्ने र त्यसलाई सम्बोधन गर्नेगरी प्रजिअलाई नै तोकिएको छ। यसका साथै अशक्त, दूधे बच्चासहितको महिलालाई पालो (क्यू)मा नराखी सिधा सेवा दिने तथा ६५ वर्षमाथि उमेर भएकाको हकमा प्रशासन कार्यालयले नै सहयोगी राखेर सेवा दिने व्यवस्था पनि मिलाइएको काठमाडौँका प्रजिअ उपाध्यायले जानकारी दिनुभयो । उहाँले विगत लामो समयदेखिएको प्रयासमा राष्ट्रिय परिचयपत्र तथा नागरिकताको लाइन लाग्ने अवस्था हटेको जानकारी दिँदै अझै प्रभावकारी सेवा वितरण गर्नका लागि आवश्यक सुधार गर्दै लगिने बताउनुभयो । उहाँले परिचयपत्र र राहदानी वितरणमा अझै केही समस्या कायमै रहेको पनि बताउनुभयो। यसैबीच उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले प्रशासन कार्यालयको स्थलगत निरीक्षण भ्रमण पनि गर्नुभएको छ।

निरीक्षणका क्रममा उहाँले प्रभावकारी सेवा दिन र नागरिकलाई झन्झट नहुने गरी काम गर्न प्रशासनका कर्मचारीहरूलाई निर्देशन दिनुभएको छ। पछिल्लो समयमा राहदानी वितरणलगायतका जनताका अत्यावश्यक सेवा प्रवाहमा नेपाल सरकारले गम्भीरतापूर्वक चासो दिँदै आवश्यक निर्देशन जारी गरिसकेको छ । गृह मन्त्रालयले बुधबार मात्रै ७७ वटै जिल्लामा परिपत्र गरी अवैध क्रसर उद्योग बन्द गर्न प्रजिअलाई निर्देशन दिइसकेको छ भने सेवा प्रवाह प्रभावकारी बनाउन पनि निर्देश गरिसकेको छ । सोही निर्देशनका आधारमा काठमाडौँ प्रशासनले प्रभावकारी सेवा प्रवाह हुने गरी आवश्यक काम थालेको हो।

## प्रधानमन्त्रीद्वारा पेट्रोलियम पदार्थको मूल्य कटौती गर्न निर्देशन

**पोखरापत्र संवाददाता**

**पोखरा, २१ पुस**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पेट्रोलियम पदार्थको मूल्य तत्काल घटाउन निर्देशन दिनुभएको छ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटेका कारण सोही बमोजिम मूल्य समायोजन गरी मूल्य कटौती गर्न प्रधानमन्त्रीले निर्देशन दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरषद्को कार्यालयमा आज वाणिज्य तथा आपूर्ति सचिवलाई निर्देशन दिनुहुँदै प्रधानमन्त्री दाहालले आम जनतालाई राहतको अनुभूति हुने गरी पेट्रोल र डिजेल तथा हवाई इन्धनको मूल्य कटौती गर्न निर्देशन दिनुभएको हो । आपूर्ति सचिव नेपाल आयल निगमको अध्यक्ष रहने व्यवस्था छ। निगमको पछिल्लो विवरण अनुसार १५ दिनमा रु ९९ करोड नाफा हुने देखिएको छ।

निगमले रु १८ अर्ब बराबरको रकम तिर्नुपर्ने दायित्व रहेको भन्दै मूल्य घटाउन तयार भएको छैन । चौतर्फी रुपमा मूल्य घटाउन निगमलाई दबाब परेपनि अस्वीकार गर्दै आएको छ।

## पूर्वाधार निर्माणमा महानगर र एनआरएनबीच हातेमालो

**पोखरापत्र संवाददाता**

**पोखरा, २१ पुस**

पोखरामा सुविधायुक्त सार्वजनिक शौचालय, चमेनागृह जस्ता आधारभूत सहरी पूर्वाधार निर्माणका लागि पोखरा महानगरपालिका र गैरआवसीय नेपाली सङ्घ (एनआरएन) बीच सहकार्य अघि बढेको छ।

पर्यटक र सर्वसाधारणको सुविधालाई हेरेर पोखरा-९ महेन्द्रपुलमा आधुनिक शौचालय निर्माणका लागि महानगर र एनआरएनबीच सम्झौता भएको छ । शौचालयसहित चमेनागृह र स्तनपान कक्षका लागि रु एक करोड खर्च लाग्ने जनाइएको छ । जसमा ६० प्रतिशत लगानी एनआरएन र ४० प्रतिशत महानगरको रहनेछ । महानगरप्रमुख धनराज आचार्यले तीन महिनाभित्रैमा काम सक्ने लक्ष्यसहित निर्माण अघि बढ्ने बताउनुभयो । आधुनिक सार्वजनिक शौचालयले नागरिकलाई सहज सेवा पुग्नुका साथै वातावरणीय स्वच्छता प्रवर्द्धनमा पनि टेवा पुग्ने उहाँको भनाइ छ।



अत्याधुनिक सुविधासहित बन्ने शौचालयमा सेनेटरी प्याडसमेत उपलब्ध हुने जनाइको छ । महेन्द्रपुलमा रहेका जीर्ण संरचना हटाएर सोही स्थानमा चमेनागृहसहितको सार्वजनिक शौचालय बनाउन लागिएको हो। एनआरएनका कार्यकारी अध्यक्ष रविना थापाले नागरिकको दैनिक सेवासँग जोडिएको आधुनिक सार्वजनिक शौचालय निर्माणमा महानगरसँगको सहकार्यले आफूहरु उत्साहित बनेको बताउनुभयो। उहाँले सहरी पूर्वाधार र स्वच्छता प्रवर्द्धनका अन्य योजनामा पनि महानगरसँग हातेमालो गर्न एनआरएन तयार रहेको उल्लेख गर्नुभयो।

सम्झौताअनुसार महानगर र एनआरएनको संयुक्त लगानीमा महेन्द्रपुलको उत्तरतर्फ पाँच आना क्षेत्रफलमा सार्वजनिक शौचालय र चमेनागृह बन्नेछ । उक्त योजनामा एनआरएनले रु ६० लाख र महानगरले रु ४० लाख बराबरको खर्च व्यहोर्नेछ । पोखराका १५ स्थानमा महानगरले बनाएका र ६० बढी स्थानमा साझेदारीमा निर्माण गरिएका सार्वजनिक शौचालय छन्।

सम्झौता कार्यक्रममा पोखरा महानगरपालिका वडा नं.१७ की वडा अध्यक्ष एवं नेकपा एमाले दलकी नेता राधिका कुमारी शाही योगी र पोखरा महानगरपालिका वडा नं. ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीको पनि सहभागिता रहेको थियो। पोखरा महानगरपालिकामा हाल १५ बढी स्थानमा महानगरले निर्माण गरेका सार्वजनिक शौचालय र ६० बढी स्थानमा निजी साझेदारीमा सञ्चालन गरिएका सार्वजनिक शौचालयहरू रहेका छन्।

महेन्द्र पुलको दक्षिण भागमा भने महानगरपालिकाले अन्तर्राष्ट्रिय झन्डा पार्क निर्माण गर्नेछ। त्यहाँ संयुक्त राष्ट्र सङ्घमा आबद्ध १९५ देश सहित साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको झन्डा समेत राखिनेछन्। पार्कको बिच भागमा नेपालको सबैभन्दा ठुलो झन्डा राखिनेछ । विशेष अवसरहरूमा झण्डात्तोलनका लागि सोही स्थानमा कार्यक्रम गरिनेछ।

## वाम एकताका लागि समाजवादीले बनायो चार सदस्यीय कार्यदल

**रासस**

**काठमाडौं, २१ पुस**

नेकपा (एकीकृत समाजवादी) को केन्द्रीय सचिवालय बैठकले वाम एकताका लागि चार सदस्यीय कार्यदल गठन गरेको छ।

बिहीबार पार्टीको केन्द्रीय कार्यालय आलोकनगरमा बसेको केन्द्रीय सचिवालयको ४५औँ बैठकले पार्टी महासचिव वेदुराम भुसालको संयोजकत्वमा चार सदस्यीय वाम एकतासम्बन्धी कार्यदल गठन गरेको हो।

उक्त बैठकले कार्यदलमा भुसालसहित गङ्गालाल तुलाधर, प्रकाश ज्वाला र विजय पौडेल रहनुभएको पार्टीका प्रवक्ता एवं उपमहासचिव जगन्नाथ खतिवडाले जानकारी दिनुभयो । उहाँले कार्यदलले वामपन्थीहरूसँग छलफल, परामर्श गर्ने र वाम एकताका लागि व्यक्ति र संस्थालाई जोड्ने काम गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले हालैको पोलिटब्यूरो बैठकबाट वाम एकताका लागि पहल गर्ने र त्यसको अगुवाइ हाम्रो पार्टीले सुरु गर्ने भनेर निर्णय गरेका थियौँ। त्यसलाई पूरा गर्न महासचिव भुसाल नेतृत्वको तुलाधर, ज्वाला र पौडेल रहेको चार सदस्यीय वाम एकतासम्बन्धी कार्यदल गठन गरेका छौँ । यो कार्यदलले वामपन्थीसँग छलफल गरी निष्कर्ष निकाल्नेछ।" यसैगरी उपमहासचिव खतिवडाले वर्तमान सरकारलाई समर्थन गर्ने वा नगर्ने भन्नेबारेमा सरकार पक्षका पार्टीहरूले नै औपचारिक प्रस्ताव नगरेको जानकारी दिनुभयो।

अहिले उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी र माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) बीच पार्टी एकताको पहल भइरहेको बताइएको छ । जनता समाजवादीले पनि विचार मिल्नेसँग एकता गर्ने गरी वार्ता समिति बनाइसकेको छ।

गएको भदौमा नेकपा (माओवादी केन्द्र)सँग पार्टी एकताका लागि संयोजन समिति बनाउने निर्णय समाजवादीले गरेको थियो। तर माओवादी केन्द्रसँगको एकता प्रक्रिया हालसम्म अघि बढ्न सकेको छैन।

## सहरी स्वास्थ्य केन्द्रलाई जग्गादान

**पोखरापत्र संवाददाता**

**वालिङ, २१ पुस**

स्याङ्जाको वालिङ नगरपालिका-१० को विकट गाउँ बझाकोटका मुक्तबहादुर सारु मगरले सहरी स्वास्थ्य केन्द्रको भवन निर्माण गर्न एक रोपनी १० आना जग्गा निःशुल्क दिनुभएको छ।

विशेष गरी वृद्धवृद्धा तथा बालबालिकाको उपचारका लागि गाउँमै स्वास्थ्यचौकी बनाउन सके स-सानो उपचारका लागि टाढा जान नपर्ने महसुस गरी आफूले जग्गा उपलब्ध गराएको जग्गादाता सारुले बताउनुभयो । "सामान्य उपचारका लागि पनि चिध्यार, वालिङ-१० को मदिखोला तथा वालिङमा रहेको गह्रौं प्राथमिक अस्पताल जानुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो, "वृद्धवृद्धा र बालबालिकालाई बढी समस्या हुने भएकाले गाउँमै स्वास्थ्यचौकी बनाउन सके सामान्य उपचार यही हुन्थ्यो भन्ने ठानेर जग्गा दिएको हुँ।" जग्गा प्राप्ति भएकाले अब छिट्टै नै निर्माण प्रक्रिया थालिने वडाध्यक्ष सुनिल खनालले बताउनुभयो।




# अमेरीकाको बिवाईएससी आहा रारा पोखरा गोल्ड कपको फाइनलमा

**पोखरापत्र संवाददाता**

**पोखरा, २१ पुस**

पाहुना टोली अमेरीकाको बिवाईएससी को टिम २२ औ संस्करणको आहा ! रारा पोखरा गोल्डकप फुटवल प्रतियोगिताको फाइनलमा प्रबेश गरेको छ। पोखरा रंगशालामा विहिबार भएको दोश्रो सेमिफाइनल खेलमा आहा रारामा पहिलो पटक सहभागि भएको चर्च व्वाईज यूनाइटेड फुटवल क्लवलाई १-० को गोल अन्तरले पराजित गर्दै बिवाईएससी फाइनलमा यात्रा बनाएको हो।



विहिबारको खेलमा बिवाईएससीका रोजिन प्रजापती नायक बने। विहिबार म्यान अफ दी म्याच घोषित भएका उनले खेलको ४८ औं मिनेटमा हेड गोल गरी नायक भएका हुन्। प्रबिन बस्नेतले देब्रे साइडबाट दिएको क्रस वललाई प्रजापतीले सदुपयोग गरेका हुन्। पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा २२ औं आहा रारा पोखरा गोल्ड कपमा नेपालका चर्चीत खेलाडीहरु आफ्नो टिममा वटुलेको चर्च व्वाईजले सेमिफाइनलबाटै आफ्नो यात्रा टुंगाउनु पर्‍यो। खेलको ३६ औं मिनेटमा अरिक विष्टले प्रहार गरेको वल विपक्षि डिफेन्स हेक्टरले उत्कृष्ट बचाउ गरे। बिवाईएससीका पाएका केही अवसर सदुपयोग हुन नसक्दा गोल अन्तर पराकिलो पार्न भने सकेन्। अमेरीकाको बिवाईएससीले करिब ४ करोड खर्चियर नेपालमा फुटवल खेल्न आएको क्लवले जनाएको छ।

चर्च व्वाईजका प्रशिक्षक बिक्रम लामाले आफ्नो योजना अनुसार खेल्न नकसेकोले हारको जिम्मा आफुले लिने बताए। विपक्षि टिम शारीरिक रुपमा केही मजबुद र टेक्निकल रुपमा समेत शसक्त भएको उनको भनाई थियो। बिवाईएससीका प्रशिक्षक प्रदिप हुमागाईले उत्कृष्ट खेल प्रर्दशन गर्न नसके पनि जित निकाल्ने गरी खेलेको बताए। फाइनल खेलमा संकटा बिरुद्ध पूर्ण तयारीका साथ जित्ने गरी खेल्ने उनले बताए।

यसैबिच, संकटा क्लवले डिफेण्डिङ च्याम्पियन शसस्त्र प्रहरी वलको एपिएफ क्लवलाई पहिलो सेमिफाइनल खेलमा ४-१ गोल अन्तरले पराजित गरी फाइनलमा यात्रा बनाएको हो। सहारा क्लबको आयोजना तथा हिमश्री फुड्स प्रालिको उत्पादन आहा रारा चाउचाउको मुख्य प्रायोजनमा उक्त प्रतियोगिता जारी रहेको छ।

उपाधि सहित १२ लाख नगद पुरस्कारको लागि शनिबार संकटा क्लव र अमेरसीकाको बिवाईएससी बिच १:३० बजे फाइनल खेल हुने भएको सहारा क्लवले जनाएको छ।

# कोन सहकारीको रक्तदानमा ५० यूनिट रगत संकलन

**पोखरापत्र संवाददाता**

**पोखरा, २१ पुस**

पोखरा महानगरपालिका वडा न १३ कुँडहर स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.ले विहीवार खुल्ला रक्तदान कार्यक्रम गरेको छ।

सामाजिक उत्तरदायित्व अन्तर्गत सहकारीले २४ औ बार्षिकोत्सवको अवसरमा शिक्षा उपसमितिद्वारा आयोजित खुल्ला रक्तदान कार्यक्रममा ५० युनिट रगत संकलन भएको छ। गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय प्रमुख रमेश घर्तीले पहिलो रक्तदाता तथा कोन सहकारीका सचिव शान्तकुमार श्रेष्ठलाइ ब्लड व्याग हस्तान्तरण गरी कार्यक्रम शुभारम्भ गरेका थिए। प्रमुख घर्तीले सामाजिक उत्तरदायित्व अन्तर्गत खुल्ला रक्तदान कार्यक्रमले समाजमा सहकारी प्रति सकारात्मक भावना सृजना गर्ने भने। वडा नं १३ का वडा अध्यक्ष किरण वरालले कोन सहकारीले शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पनि समाजमा उल्लेखनीय कार्य गरेको चर्चा गरे। कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थबहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा कोन सहकारी संचालक समितिका सदस्य शारदा पराजुली(सिग्देल) लगायत वोलेको कार्यक्रममा शिक्षा उपसमितिका सदस्य गोविन्दप्रसाद सिग्देलले स्वागत र शिक्षा उपसमितिका संयोजक खड्कवहादुर गुरुङ(खुसीमान)ले संचालन गरेका थिए। रक्त संचार केन्द्र पोखराका प्राविधिक महेन्द्र केसी समुहको सहभागिता रहेको थियो।




# पृथ्वीनारायण क्याम्पसमाको अनुमती बिना सेती नदी माथि पुल निर्माण थालेपछि विरोध

**पोखरापत्र संवाददाता**

**पोखरा, २१ पुस**

पृथ्वीनारायण क्याम्पसले भोगचलन गर्दै आएको जग्गाबाट क्याम्पसको स्वीकृती बिना सेती नदीमाथि पुल निर्माण गर्ने कार्य सुरु हुन थालेपछि क्याम्पसका विद्यार्थी एवं प्राध्यापक आन्दोलित भएका छन् भने क्याम्पस प्रशासनले कडा रुपमा विरोध गरेको छ।



क्याम्पसले भोगचलन गर्दै आएको कि. नं. ८३३ को झन्डै २२३ रोपनी जग्गामा सो विवाद देखिएको हो। संघिउ सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पुल सेक्टरले पोखरा वडा नं १ र ११ नं जोड्न निर्माण हुन थालेको सो पुलको लागि निर्माणस्थल सम्म सामाग्री पुर्‍याउन बाटो मागेपछि सो कुरा बाहिर आएको हो।

यसैबारेमा पृथ्वीनारायण क्याम्पस, पोखराले आज पत्रकार सम्मेलन गरी पुल निर्माण कार्य बन्द गर्न र क्याम्पसको हित विपरित काम नगर्न चुनौती दिएको छ। निर्माणाधिन पुल सो जग्गा भुमाफियाले १ सय ६२ जनाको ३ सय १८ वटा कित्ताकाट भएकोले प्रशासन तर्सिएको हो तर सो कित्ताकाट २०५८ सालमा मालपोत कार्यालयले खारेज गरेको छ।

क्याम्पस प्रमुख सरोज कोइरालाले भन्नुभयो, सो जग्गा क्याम्पसको भोगचलनमा रहेको र दर्ता प्रकृयामा समेत अगाडी बढेकाले क्याम्पसकै हो। हामी बिकास विरोधी होइनौ, पुल बनाउने हो भने क्याम्पसकै दर्ताभित्रको जग्गाबाट पुल निर्माणका लागि सहमती दिन सकिन्छ।'

क्याम्पस रहेको जग्गा तत्कालीन समयमा रत्नाखर पराजुलीले १८७७ मा वृता पाएको जग्गा हो। सो जग्गा क्याम्पसको नाउँमा पराजुली परिवारले दिएका थिए। तर जग्गाको मूल्यसँगै महत्व बढ्दै गएपछि २०४५ सालमा सोही परिवारबाट दर्ता छुट भनि कित्ता काट गरेकोमा पछि कुनै प्रमाण नपुग्ने भन्दै विभिन्न अदालतको निर्णयबाट क्याम्पसकै भोगचलन दिने देखिएको छ। क्याम्पसले बिकास विरोधी होइन भनिरहदा पोखरा-२० भलाम, ११ फुलबारी र वडा नं १ र ३ का नागरिकले फाइदा पाउनेछन ।हाल पि.एन क्याम्पसको स्वामित्वमा झन्डै ७ सय १६ रोपनी जग्गा रहेको छ। पुल निर्माणको विरोधमा भन्दा पनि क्याम्पसको नाममा नआएको जग्गा भुमाफियाको चङ्गुलमा पर्छ कि भनेर तर्सिएको बुझिएको छ। २०१७ साल भदौ १७ गते स्थापना भएको सो क्याम्पस गण्डकी प्रदेशको मात्रै नभई मुलुककै अग्रणी शिक्षणसंस्थाको रुपमा पाईन्छ।

यस क्याम्पसमा ५ वटा संकायका ३३ वटा विभाग र ३४ बिषयमा झन्डै १५ हजार विद्यार्थीहरु अध्ययनरत छन्।

# शिवालय माविको ६२ औँ वार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**

**पोखरा, २१ पुस**

कास्कीको रूपा गाउँपालिका-२, थुम्कीस्थित शिवालय माविको ६२ औँ वार्षिकोत्सव तथा अभिभावक दिवस बिहीबार सम्पन्न भएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजन सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न व्यक्तिहरूलाई शिवालय वर्ष सम्मान-२०७९ बाट सम्मान गरिएको थियो। सम्मानित हुनेहरूमा ३ लाख रुपैयाँको छात्रवृत्ति अक्षयकोष स्थापना गर्ने टीकाराम सुवेदी, अभिभावक मङ्गलप्रसाद ओझा, सञ्चारकर्मी सुरेनकुमार नेपाली 'सुशील', विद्यालयका लेखापाल पूर्णबहादुर गुरुङ, छात्रवृत्ति अक्षयकोष संस्थापकद्वय डा. नारायण ओझा र सुकमाया सुवेदी रहेका छन्। त्यसै गरी विद्यालयको गौरव बढाएको भन्दै शिवालय बाल क्लबकी अध्यक्ष करिना ओझालाई शिवालय गौरव सम्मान- २०७९ बाट सम्मान गरिएको थियो। कार्यक्रमका अध्यक्ष सुवेदीले आफ्नो ३ बर्से कार्यकालमा सकेसम्म विद्यालयको हित हुने गरी काम गर्ने प्रयास गरेको बताए। वडा नम्बर २ का वडा अध्यक्षसमेत रहेका उनले विद्यालयमा गरेको कामकै आधारमा आफूलाई वडावासीले वडा अध्यक्ष बनाएको भन्दै धन्यवाद ज्ञापन गरे। शिक्षाबिना समाजका कुनै पनि पक्षको विकास सम्भव नभएकाले राज्यका हरेक तहले शिक्षालाई प्राथमिकता दिनुपर्नेमा उनको जोड थियो। जनताको शिर नझुक्ने गरी, जनताको मन नभाँचिने गरी नीतिभित्र रहेर काम गर्ने बताउँदै सुखमा नसके पनि दुःखमा सधैँ जनताको साथमा रहने सुवेदीले प्रतिबद्धता व्यक्त गरे। शिक्षक-अभिभावक सङ्घका अध्यक्ष रामचन्द्र ओझाले शिवालयको शैक्षिक उन्नति गर्नका लागि अभिभावकहरूको साथ पाएको बताउँदै आगामी दिनमा थप सक्रियताका लागि आग्रह गरे। विद्यालयका प्रधानाध्यापक रुपिन्द्र प्रभावीले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयलाई क्रमशः प्रविधिमैत्री बनाउँदै लगिएको बताए।

हाल केही कक्षाहरूमा स्मार्ट बोर्ड र स्मार्ट टिभीका माध्यमबाट पठनपाठन सञ्चालन गर्दा सिकाइ उपलब्धि बढेको अनुभव सुनाउँदै उनले अबका दिनमा भौतिकभन्दा बढी शैक्षिक गुणस्तर वृद्धिमा लाग्ने योजना सुनाए। एस. ई. ई. र कक्षा १२ दुवैमा शिवालयको नतिजा गाउँपालिकाभरिमा उत्कृष्ट रहेको उनको दाबी थियो। आर्थिक प्रतिवेदन विद्यालयका लेखापाल पूर्णबहादुर गुरुङले प्रस्तुत गरेका थिए। कार्यक्रममा रूपाज्योति माविका प्रधानाध्यापक मनिराम कडेलले विद्यालयको विकासका लागि शिक्षक, अभिभावक, विद्यार्थी, प्रशासन, व्यवस्थापनलगायतको उत्तिकै सक्रिय र सकारात्मक साथ चाहिने भन्दै शिवालयको प्रगति अनुकरणीय रहेको बताए।

नेपाल शिक्षक सङ्घ, रूपाका अध्यक्ष रामचन्द्र ओझाले शिवालयको इतिहास कोट्याउँदै आफूले चन्दा सङ्कलन अभियान सञ्चालन गरेको घटना स्मरण गरे। विद्यालय व्यवस्थापन समितिका पूर्व सदस्यसमेत रहेका उनले विद्यालयको विकासका लागि आफू जुनसुकै सहयोग गर्न तत्पर रहेको बताए।

शिवालय मावि पूर्व विद्यार्थी मञ्चका अध्यक्ष शिवराज सुवेदीले विद्यालयको प्रगति देखेर आफूलाई गौरव लाग्ने गरेको बताए। उनले विद्यालयको विकासका लागि पूर्व विद्यार्थीहरूले महत्वपूर्ण भूमिका खेल्न सक्ने धारणा राख्दै शिवालयका सम्पूर्ण पूर्व विद्यार्थीहरूलाई मञ्चमा गोलबद्ध हुन आह्वान गरे।

कार्यक्रममा सम्मानित व्यक्तित्व सुरेनकुमार नेपाली 'सुशील', पूर्व अध्यक्ष तिलबहादुर थापालगायतले शुभकामना दिएका थिए। विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति राखेका कार्यक्रममा शिवालय बाल क्लबकी अध्यक्ष करिना ओझाले स्वागत गरेकी थिइन्। कार्यक्रमको सञ्चालन विद्यालय व्यवस्थापन समितिका शिक्षक प्रतिनिधि तथा पूर्व प्रधानाध्यापक जयराम सुवेदीले गरेका थिए।

# चैत ५ गते स्ववियु निर्वाचन गरिने

**रासस**

**काठमाडौं, २१ पुस**

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन आगामी चैत ५ गते गर्ने तयारी गरेको छ। यसअघि फागुन २८ गते तयारी गरेको त्रिविले विद्यार्थी सङ्गठनको सल्लाहअनुसार चैत ५ गते गर्ने तयारी गरेको हो।

त्रिवि विद्यार्थी कल्याण परिषद्‌को आज बसेको बैठकले स्ववियु निर्वाचन गर्न त्रिवि कार्यकारी परिषद्‌लाई सिफारिस गरेको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले जानकारी दिनुभयो। "सबै विद्यार्थी सङ्गठनको सल्लाह र परीक्षा, भर्ना कार्यतालिकालाई असर नपर्नेगरी हामीले त्रिवि कार्यकारी परिषद्‌लाई निर्वाचन गर्न सिफारिस गरेका छौँ", उहाँले भन्नुभयो, "अब चाँडै नै त्रिवि कार्यकारी परिषद्‌को बैठकले हामीले तय गरेको मितिलाई अनुमोदन गर्नेछ।" त्रिवि कार्यकारी परिषद्‌को बैठकले स्ववियु निर्वाचन केन्द्रीय अनुगमन समन्वय समिति बनाउने उहाँले जानकारी दिनुभयो। त्रिविमा विगत लामो समयदेखि स्ववियु निर्वाचन हुन सकेको छैन। त्रिविले स्ववियु निर्वाचनका सम्बन्धमा यही पुस ११ गते सबै विद्यार्थी सङ्गठनका अध्यक्षसँग छलफल गरेको थियो।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दु:खपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# सेवा प्रवाह सुधारको हुटहुटी

निर्वाचनपछि बनेको सरकारमा पुगेका दलहरूमा सरकारी सेवा प्रवाहमा सुधार ल्याउने हुटहुटी छ। सुशासन र भ्रष्टाचारमुक्त सार्वजनिक सेवाको वकालत गर्दै आएकाहरुमा काम गर्ने जोश छ। पुराना दललाई पनि सार्वजनिक सेवा प्रवाहमा सुधार बिना जनविश्वास हासिल गर्न सकिदैन भन्ने लागेको छ। माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड तेस्रोपटक प्रधानमन्त्री भएपछि जनताले अनुभूति गर्ने गरि सार्वजनिक सेवामा सुधार ल्याउन खोजेका छन। सचिवहरूको बैठक राखेर ३० बुँदे निर्देशन दिएका छन।ती सबै सेवा प्रवाहमा सुधार, राजश्व वृद्धि र विकास निर्माणमा ढिलासुस्ती हुननदिने खालका छन।गृहमन्त्री रबी लामिछानेले चालेका काम पनि जनताको काम छिटो छरितो होस भन्ने छन। अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पुर्ववर्ती सरकारले विगारेको अर्थतन्त्रलाई सुधार गर्ने अनुभवी प्रशासन ल्याएका छन। सरकारमा रहेका सबैलाई अब छिटोछरितो सेवा दिने हुटहुटी जागेको छ। नयाँ जोश र फरक परिस्थितिमा सरकारमा गएका दलहरूले पुरानै ढर्राले चल्ने अवस्था छैन। सबैभन्दा पहिला राजधानीबाट सुधारका काम हुनुपर्छ। गृहमन्त्रीको सकृयता पछि जिल्ला प्रशासन कार्यालय काठमाडौँले नागरिकको सेवा प्रवाहलाई प्रभावकारी बनाउन विभिन्न सेवा प्रवाहमा ‘समय कार्ड’ लागू गरेको छ।

यस्तै गुनासो सुन्न प्रजिअ आफैँ सक्रिय हुनेछन् भने ६५ वर्षमाथिका नागरिकलाई सेवा दिन सहयोगी खटाउन थालिएको छ। अन्य अशक्त, दूधे बालक बोकेका महिलालगायतलाई भने लाइनमा नराखी सेवा प्रवाह गर्ने व्यवस्था पनि मिलाइएको छ। यसले प्रशासनको सेवा प्रवाहलाई चुस्त बनाउने र नागरिकको सेवा प्रवाह प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ। कार्यालयबाट उपलब्ध हुने विभिन्न १० वटा सेवा प्रवाहका लागि समय तोकिएको र चार वटा सेवामा भने बिहीबार देखि समय कार्ड लागू भएको छ। नयाँ नागरिकता, संघसंस्थाको नवीकरण, नाबालक प्रमाणपत्र प्राप्ति र मुद्दाको पेशी तथा तारिखमा समय कार्ड लागू गरिएको छ। नागरिकताका लागि एक घण्टा, संस्था नवीकरणका लागि ३० मिनेट, नाबालक प्रमाणपत्र प्राप्तिका लागि एक घण्टा र मुद्दाको पेशी र तारिखमा ३० मिनेटभित्र सेवा प्रवाह गर्ने गरी समय कार्य तोकिएको छ। वाचा गरिएअनुसार काम भएमा जनताले सुधारको अनुभूति गर्न पाउनेछन्।

नयाँ नागरिकतामा मात्रै समय कार्ड लागू भएको तर प्रतिलिपि लिनका लागि भने लागू भएको छैन। कसैले आफ्नो नागरिकता बनाउनुपर्‍यो भने आवश्यक कागजपत्र लिएर प्रशासन गएर बुझाएपछि फाँटका कर्मचारीले हेरेर कागजात पुग्यो भनेको एक घण्टाभित्रमा नागरिकता दिने गरी टाइम कार्ड लागू गरिएको जनाइएको छ। तयार भएको राष्ट्रिय परिचयपत्र वितरणमा व्यक्ति सम्बन्धित फाँटमा आएर सम्पर्क गरिसकेपछि ३० मिनेटभित्रमा कार्ड प्राप्त गर्न सक्नेछन्। तयार भएको राहदानी वितरणमा सम्बन्धित फाँटमा पुगेपछि १५ मिनेटभित्रमा दिने गरी समय तोकिएको छ। अन्य सेवामा पनि समय तोकिइसकेको र निकट भविष्यमै लागू गर्दै जाने काठमाडौँ प्रशासनले जनाएको छ।

मुख्यतः संस्था नवीकरण, नागरिकता प्राप्ति, नाबालिग परिचयपत्र, मुद्दा पेशी तोक्ने, मुद्दाको तारिख, प्रिन्ट भएर आएका राहदानी वितरण, राष्ट्रिय परिचयपत्र कार्ड वितरण, जिल्ला प्रशासनले गर्ने विभिन्न सिफारिसलाई समयबद्ध बनाइएको छ। अनुसन्धान सकिएपछि मुद्दाको अन्तिम किनारा ६० दिनभित्रमा सक्ने गरी टाइम कार्ड बनाइएको छ। प्रशासनबाट प्राप्त हुने यस्ता सेवाहरूमा गुनासो भएमा प्रजिअले शुक्रबारबाहेक अन्य बार ३ देखि ४ बजेसम्म गुनासो सुन्ने गरी आवश्यक व्यवस्थापन पनि गरिएको छ। आएका गुनासोलाई सुन्ने र त्यसलाई सम्बोधन गर्नेगरी प्रजिअलाई नै तोकिएको छ।

यसका साथै अशक्त, दूधे बच्चासहितको महिलालाई पालो (क्यू)मा नराखी सिधा सेवा दिने तथा ६५ वर्षमाथि उमेर भएकाको हकमा प्रशासन कार्यालयले नै सहयोगी राखेर सेवा दिने व्यवस्था पनि मिलाइएको दावी गरिएको छ। प्रभावकारी सेवा दिन र नागरिकलाई झन्झट नहुने गरी काम गर्न प्रशासनका कर्मचारीहरू तयार भएमा अन्य कार्यालय र सेवामा दबाब पुग्नेछ। समयमा राहदानी वितरणलगायतका जनताका अत्यावश्यक सेवा प्रवाहमा नेपाल सरकारले गम्भीरता पूर्वक चासो दिँदै आएको छ। गृह मन्त्रालयले बुधबार मात्रै ७७ वटै जिल्लामा परिपत्र गरी अवैध क्रसर उद्योग बन्द गर्न प्रजिअलाई निर्देशन दिइसकेको छ भने सेवा प्रवाह प्रभावकारी बनाउन पनि निर्देश गरिसकेको छ। काठमाडौंको सिको अरुले पनि गरेर जनतामा राजनीति जनसेवा हो र कर्मचारी जनताका सेवक हुन भन्ने सन्देश दिनु आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| ककर्ट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाव | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# सिटीजन लाइफ इन्स्योरेन्सद्वारा एक करोड मृत्यु दाबी भुक्तानी

**पोखरापत्र संवाददाता**
**बेनी, २१ पुस**

सिटीजन लाइफ इन्स्योरेन्स कम्पनीको म्याग्दी शाखाले एक जना दिवङ्गत बिमितका परिवारलाई रु एक करोड मृत्यु दाबी रकम भुक्तानी गरेको छ।

बिहीबार बेनीमा आयोजित बीमा सचेतना कार्यक्रममा अन्नपूर्ण गाउँपालिका-६ घारका दिवङ्गत कृष्ण बरुवालको परिवारलाई रु एक करोड ५० हजार रकम हस्तान्तरण गरिएको हो।

सिटिजन शुभारम्भ बीमा योजनाअन्तर्गत गत असार ३१ गते जीवन बीमा गर्नुभएका बरुवालको गत मङ्सिर २१ गते बेनीमा क्याम्पस भवन निर्माण योजनाको नापजाँचका क्रममा ढिस्काले पुरिएर मृत्यु भएको थियो। रु ५० लाखको बीमालेख पोलिसी खरिद गर्नुभएका बरुवालको घरपरिवारलाई बीमाङ्क रकम रु ५० लाख, दुर्घटना मृत्यु लाभवापतको रकम र रु ५० लाख र किरिया खर्चवापतको रु ५० हजार गरी एकमुष्ठ रु एक करोड ५० हजार रकम हस्तान्तरण गरिएको कम्पनीका म्याग्दी शाखा प्रमुख भावना पौडेल सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार २० वर्षको पोलिसी खरिद गर्नुभएका बरुवालले प्रत्येक वर्ष रु दुई लाख ६५ हजार तीन सय ५७ प्रिमियम तिर्ने गरी बीमा गर्नुभएको थियो भने एक वर्षको मात्रै रकम उहाँले भुक्तानी गर्नुभएको थियो। कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेल र कम्पनीका ब्राण्ड एम्बेसडरद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले बरुवालका घरपरिवारलाई उक्त मृत्यु दाबी रकमको चेक हस्तान्तरण गर्नुभएको थियो।

कार्यक्रममा कलाकारद्वय श्रेष्ठ र आचार्यले जीवन बीमा भविष्यको बचत र आपत्को सहयोगी भएकाले यसको पहुँच हरेक नागरिकसम्म पुर्‍याउन जरुरी रहेकामा जोड दिनुभयो। “मानिसको जीवनको आफैँमा भर हुँदैन, नेपालमा स्वास्थ्य उपचार अत्यन्त महँगो छ, कम्तीमा आफूले सक्ने क्षमताको बीमा गरेमा त्यसले उपचारमा ढुक्क बनाउँछ, बिरामी हुनै नपरे भविष्यमा बचतको रूपमा फिर्ता पाइन्छ”, श्रेष्ठले भन्नुभयो।

अर्का कलाकार आचार्यले हरेक नागरिकको जीवनमा आर्थिक जोखिमलाई कम गर्न बीमाले महत्वपूर्ण सारथीका रूपमा काम गरेको उल्लेख गर्दै समुन्नत समाजमा सरकारले नै नागरिकको जीवन बीमामा सहयोग र प्रेरित गर्ने बताउनुभयो। कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत पौडेलले नागरिकका चिन्ता र चुनौतीलाई व्यवस्थापन गर्ने सोचका साथ बीमाको अवधारणको विकास भएको उल्लेख गर्दै बीमाको पहुँचलाई विस्तार गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले नयाँ कम्पनीको रूपमा स्थापित भएको सिटिजन लाइफले बिमितमा नवीन, नयाँ र आकर्षक सुविधासहित आएको बताउनुभयो। कार्यक्रममा कम्पनीका प्रमुख बजार अधिकृत भुषण रिमाल र सुनिल पोखरेल, प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेल, शाखा प्रमुख भावना पोडेल सुवेदीलगायतको उपस्थिति थियो।

# जग्गा वर्गीकरण नहुँदा राजस्व घट्यो

**-तारानाथ आचार्य**
**बागलुङ, २१ पुस**

तोकिएको समयमा स्थानीय तहले जग्गाको वर्गीकरण नगर्दा बागलुङमा राजस्व सङ्कलनमा कमी आएको छ। जिल्लाका दशवटै स्थानीय तहमा जग्गा वर्गीकरण नहुँदा कित्ताकाट रोकिएको छ भने कुनै एक कित्ता पूरैबाहेक बाँकी काम बन्द छ।

जग्गाको कित्ताकाट रोकिँदा मालपोत कार्यालयमार्फत सङ्कलन हुँदै आएको राजस्वमा ४६ दशमलव ९८ प्रतिशतले कमी आएको हो। गत आर्थिक वर्षको असारदेखि मङ्सिर मसान्तसम्ममा रु तीन करोड ४४ लाख ६७ हजार चार सय ४१ राजस्व सङ्कलन गरेको मालपोत कार्यालयले चालु वर्षको सोही अवधिमा रु एक करोड ८२ लाख ७३ हजार १३ मात्रै राजस्व सङ्कलन गरेको छ।

जग्गाको कित्ताकाट रोकिँदा राजस्वमा भारी गिरावट आएको मालपोत अधिकृत देवेन्द्र थापाले जानकारी दिनुभयो। स्थानीय तहले ‘स्थानीय भू-उपयोग परिषद्’ गठन गरेर परिषद्बाट गत मङ्सिर २२ गतेभित्र आफ्नो क्षेत्रभित्रको जग्गाको वर्गिकरण गरिसक्नुपर्ने थियो। सकेसम्म तोकिएको समूहमा पर्ने विभिन्न दश समूहमा वर्गीकरण गर्ने र त्यो सम्भव नभएमा कृषि तथा गैह्र कृषि दुई समूहमा वर्गीकरण गर्न दिएको समयमा जिल्लाका आठ स्थानीय तहले काम नै थालेका छैनन्। गलकोट र बागलुङ नगरपालिकाले प्रारम्भिक काम थालेको भए पनि वर्गीकरण भने भइसकेको छैन्। “सरकारले गत जेठ २३ गते राजपत्रमा भू-उपयोग नियमावली-२०७९ जारी गरेको थियो, त्यसपश्चात छ महिनाभित्र २०७९ मङ्सिर २२ सम्म जग्गाको वर्गीकरण गर्न दिएको समयमा जिल्लाका कुनै पनि स्थानीय भू-उपयोग परिषद् बाट जग्गा वर्गीकरण गरिएको जानकारी कार्यालयमा आएको छैन्”, मालपोत अधिकृत थापाले भन्नुभयो, “स्थानीय तहले जग्गाको वर्गीकरण नगर्दा राजस्व पनि घटेको छ।” आदालतमा मुद्दा रहेर फैसला भएका, भूमिसुधारका काम, लगतकट्टा गर्नुपर्ने काम, अंश तथा वकपत्र र रोक्का तथा फुकुवाका काम मात्रै मालपोत कार्यालयबाट भरहेका छन्। सहर उन्मुख बागलुङका पालिका मुकाममा कित्ताकाट रोक्काको ठूलो प्रभाव परेको छ। जग्गा वर्गीकरण नहुँदा सर्वसाधारणले दैनिकजसो मालपोतमा गुनासो गर्ने गरेका छन्। देशको बढ्दो जनसङ्ख्या, अव्यवस्थित बसाइँसराइ र बढ्दो सहरीकरण व्यवस्थापनका लागि जग्गाको वर्गीकरणलाई स्थानीय तहले चासो कम दिएको गुनासो छ। “जग्गा वर्गीकरणको काम निकै कठिन हो, सहर उन्मुख क्षेत्रमा वर्गिकरणमा विवेक नपुर्‍याउँदा जोखिमपूर्ण हुन्छ”, जैमिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरी भन्नुहुन्छ, “आज कृषियोग्य जमिन भनेको ठाउँमा भोलि बजार विस्तार हुनसक्छ, त्यसैले कार्यविधि बनाएर विस्तारै काम गर्दैछौँ।” कृषियोग्य जमिनको कित्ताकाट गर्न नमिल्ने व्यवस्थाका कारण दीर्घकालीन योजनासहितको वर्गिकरण गर्नुपर्ने उहाँले बताउनुभयो।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले २०७९ जेठ २३ गते राजपत्रमा भू-उपयोग नियमावली, २०७९ जारी गर्दै जग्गा वर्गीकरणपश्चात मात्रै कित्ताकाट गर्न पाइने भन्ने कानुनी व्यवस्थाले मालपोतमा कामको चाप निकै घटेको छ। तेइस जनाको दरबन्दी रहेको मालपोत कार्यालयमा आठ जनाको दरबन्दी रिक्त हुँदा पनि कर्मचारी फुर्सदमा छन्। दरबन्दीमा रहेका १५ कर्मचारीलाई पुग्नेगरी काम आउन छाडेको थापाले बताउनुभयो।

गत आवको मङ्सिर मसान्तसम्म घरजग्गा रजिष्टेशनमा रु दुई करोड १३ लाख ७९ हजार छ सय २२ राजस्व सङ्कलन गरेको मालपोतले चालु आवको सोही अवधिमा रु ८२ लाख ५५ हजार नौ सय ८१ मात्रै सङ्कलन गरेको छ। त्यस्तै धितो बन्धकमा रु ३४ लाख बढी सङ्कलन गरेकामा रु ३० लाख र पुँजीगत लाभकरमा रु ९६ लाख बढी सङ्कलन गरेकामा रु ६९ लाख राजस्व सङ्कलन भएको मालपोतका सूचना अधिकारी कृष्णप्रसाद उपाध्यायले बताउनुभयो।

समयमा वर्गीकरण नगरेका स्थानीय तहले राजस्व सङ्कलनमा कम भएको असर स्वयंले व्यहोर्ने छन्। मालपोतले सङ्कलन गर्ने राजस्वको ६० प्रतिशत स्थानीय सरकार र बाँकी ४० प्रतिशत प्रदेश सरकारमा जाने गर्छ। स्थानीय सरकारको आम्दानीको मुख्य स्रोतका रूपमा रहेको मालपोतको राजस्व गिरावटले स्वयं पालिकाले लिएको लक्ष्य निर्धारणलाई नै असर पर्ने देखिएको छ।

# जाडोमा बालबालिकालाई ‘रोटा भाइरस’ को डर

**-शरद् शर्मा**
**काठमाडौं, २१ पुस**

चिसो मौसमसँगै बालबालिकामा ‘रोटा भाइरस’ को सङ्क्रमण देखिने गर्दछ। जाडो मौसममा रुघाखोकी लाग्नासाथ यसैबाट ‘रोटा भाइरस’को सङ्क्रमण पनि हुन पुग्छ। यस्ता सङ्क्रमितलाई झाडापखला लागेर अन्तमा ज्यान पनि जाने सम्भावना रहन्छ। कान्ति बाल अस्पतालका निर्देशक डा युवानिधि बसौला जाडो यामको सुरुवातसँगै बालबालिकामा ‘रोटा भाइरस’को सङ्क्रमण देखिने गरेको बताउनुहुन्छ।

धेरैजसो चिसो याममा झडापखालाबाटै रोटा भाइरसको सङ्क्रमण हुने गरेको उहाँको भनाइ छ। निर्देशक बसौलाका अनुसार चिसो याममा ‘रोटा भाइरस’ धेरै सक्रिय हुने र यसबाट बालबालिकालाई पखला लाग्ने गर्दछ। ‘कोल्ड डायरिया’ पनि भनिने ‘रोटा भाइरस’ले सिधैँ पेटमा असर गर्ने र पखला लगाउने गर्छ। “पखला भएपछि बालबालिकाको दिसा पानीजस्तो हुन्छ” उहाँ भन्नुहुन्छ, “निरन्तर पानीजस्तो पातलो दिसा बगेपछि बालबालिकाको शरीरमा पानीको कमी हुने भएकोले पानी पूर्ति हुने नसके ज्यान पनि जान सक्छ।” निर्देशक बसौलाका अनुसार अस्पतालमा सन् २०१० देखि २०१६ सम्म पखाला लागेर भर्ना भएका पाँच वर्ष मुनिका बालबालिकामा अध्ययन गर्दा ३८ प्रतिशतमा ‘रोटा भाइरस’ देखिएको थियो। धेरैजसो एक वर्षदेखि पाँचवर्ष मुनिका बालबालिकालाई यस्तो सङ्क्रमण हुने गरेको पाइन्छ। जाडोमा बालबालिकालाई हुने झाडापखालाको ३० प्रतिशतभन्दा बढीमा ‘रोटा भाइरस’को सङ्क्रमण हुने गरेको छ। झाडापखलाबाट मृत्यु हुने बालबालिकोमध्ये सबैभन्दा धेरै ‘रोटा भाइरस’कै कारण हुने जनाइएको छ। अस्पतालमा दैनिक एकदेखि दुईजनासम्म झडापखालाका बिरामी आउने गरेका छन्। एकवर्ष मुनिका बालबालिकामा यस भाइरसको सङ्क्रमण धेरै हुने गरेको छ। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका बालरोग विशेषज्ञ डा जीतेन्द्र अमात्य जाडोयाममा देखिने यस रोगको मुख्य लक्षण झाडापखला नै रहेको बताउनुहुन्छ। उहाँ रोटा भाइरसको सङ्क्रमणले झाडापखला लागे चार पाँच दिनमै सञ्चो हुने उल्लेख गर्नुहुन्छ।

**खोपले सङ्क्रमण कम हुने**

सरकारले रोटा भाइरसको सङ्क्रमणविरुद्ध ‘रोटा रिक्स’ नामक खोप बालबालिकालाई दिने गरेको छ। उक्त औषधी बालबालिकालाई मुखबाट दुई थोपा खुवाउने गरिन्छ। सरकारले राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत गत वर्षदेखि निःशुल्करुपमा उक्त खोप वितरण गर्दै आइरहेको छ। खोप जन्मेको छ हप्ता र १० हप्ता गरी शिशुमा दुईपटक खुवाउने गरिन्छ।

निर्देशक डा बसौला ‘रोटा रिक्स’ खोप दिनथालेपछि बालबालिकामा ‘रोटा भाइरस’को सङ्क्रमण कम हुने गरेको बताउनुहुन्छ। “जाडो याममा पहिले दैनिक पाँच जनासम्म यस्ता सङ्क्रमणका आउने बिरामी अहिले एक दुई जना मात्र आउने गरेका छन” उहाँ भन्नुहुन्छ,“खोपको प्रभावकारिताले ‘रोटा भाइरस’का कारण हुने झाडापखाला कम भएको छ।” अहिले खोपको कारणले फाट्टफट्ट मात्र नै उपचार गर्न आउने गरेको डा अमात्यको भनाइ छ। खोपको कारणले अहिले यो वर्ष यस्तो सङ्क्रमणले हुने पखला घटेको पाइएको उहाँ उल्लेख गर्नुहुन्छ।

**लक्षण**

‘रोटा भाइरस’को सङ्क्रमणले बालबालिकामा दिनमा तीन/चार पटक पाँच दिनसम्म पातलो दिसा आउने र बच्चा रुनेजस्ता लक्षण देखिन्छ। यस्तै पखालासँगै बान्ता हुने, ज्वरो आउने, खाना नरुच्ने र बेहोस हुनेजस्ता पनि समस्या देखिने गर्छ। यस्तो लक्षण देखिनासाथ बालबालिकालाई स्वास्थ्य संस्थामा लैजानुपर्छ। भाइरसको सङ्क्रमण बालबालिकालाई छिटै हुने भएकाले समयमै उपचार नगरिए थप जटिल समस्या देखिने गर्दछ।

**बच्ने उपाय**

‘रोटा भाइरस’बाट बच्न सरसफाइमा ध्यान दिनुपर्ने घरमै झोल खानेकुराका साथै आमाको दूध प्रशस्त मात्रामा खुवाउनुपर्छ। यस्तै छ महिनासम्मको बच्चालाई सादा पानी र जीवनजलसँगै स्तनपान तथा छ महिनामाथिको बच्चा भए जीवनजल, दालको रस, गेडागुडी, तरकारीको रस खुवाउनुपर्छ। बच्चालाई समय समयमा नुहाइदिने र सफा राखिराख्ने, बच्चाले लगाउने कपडा दैनिक फेर्ने, उमालेको पानी मात्रै खान दिने गर्नुपर्छ। बालबालिकालाई खानेकुरा खुवाउन अघि राम्रोसँग साबुनपानीले हात धुनुपर्छ।

# नेपाल टि् ट्वान्टी लिग: जनकपुरले पोखरालाई हरायो

**रासस**
**काठमाडौं, २१ पुस**

राजधानीमा जारी पहिलो संस्करणको नेपाल टि ट्वान्टी क्रिकेट लिग प्रतियोगितामा जनकपुर रोयल्स विजयी भएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीबार भएको खेलमा जनकपुरले पोखरा एभेञ्जर्सलाई छ विकेटले पराजित गर्दै विजयी भएको हो। जितसँगै जनकपुर अङ्क तालिकाको दोस्रो स्थानमा रहँदै प्लेअफमा पुग्यो। नौ खेलमध्ये छ मा जित तथा तीन खेलमा हार बेहोरेको जनकपुरले १२ अङ्क जोड्दै अङ्क तालिकाको दोस्रो स्थानमा रहेर प्लेअफमा पुगेको हो।

प्रतियोगितमा लुम्बिनी अल स्टार पनि यसअघि नै प्लेअफमा पुगिसकेको छ। समान नौ खेल नै खेलको लुम्बिनीले आठ खेलमा जित र एक खेलमा हार बेहोरे पनि १६ अङ्क जोड्दै अङ्क तालिकाको शीर्ष स्थानमा पुगेको छ।

बिहीबारको खेलमा पोखराले जनकपुरलाई जितका लागि ६९ रनको चुनौती दिएको छ। जवाफमा जनकपुरले नौ ओभरमा चार विकेट गुमाउँदै ७० रन बनायो। जनकपुरको जितमा सराफुदिन असरर्फले सर्वाधिक ३७ रनको योगदान दिए भने ट्रभोन ग्रिफीथले १७ रन जोडे। त्यस्तै पवन सरार्फले चार रन जोडे भने राजेश पुलामी र असन प्रियरञ्जनले समान एक/एक रन जोडे।

बलिङतर्फ पोखराका कुशल मल्लले तीन विकेट लिए भने असिथा फर्नान्डोले एक विकेट लिए। त्यसअघि टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको पोखराले १२ ओभरमा सबै विकेट गुमाउँदै ६८ रनमा समेटियो। पोखराका लागि सिद्धान्त लोहनीले सर्वाधिक १७ रन बनाए भने आशिफ शेख र कुशल मल्लले समान १६/१६ रन जोडे। त्यसबाहेकका अन्य ब्याट्सम्यानले दोहोरो अङ्कमा रन बनाउन सकेनन्।

पोखरालाई कम योगफलमा समेट्नेक्रममा जनकपुरका सोमपाल कामी एक्लैले तीन विकेट लिए भने ललित राजबंशी र शराफुदिन असरर्फले समान दुई/दुई विकेट लिए।

त्यस्तै पवन शर्राफ ट्रभोन ग्रिफिथ र जितेन्द्र मुखियाले समान एक/एक विकेट झारे। यससँगै नौ खेल खेलेको पोखराले तीनमा जित तथा छ खेलमा हार बेहोर्‍यो। छ अङ्क बटुलेको पोखरा अङ्क तालिकाको पाँचौँ स्थानमा छ।

# एसओएस गण्डकीमा खेलकुद दिवसको समुद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ पुस**

पोखराको रामबजारस्थित एसओएस हरमन माइनर विद्यालय गण्डकीको ३९ औँ खेलकुद कार्यक्रमको एक भव्य समारोहबीच समुद्घाटन गरिएको छ।

बिहीवार विद्यालयको प्राङ्गणमा आयोजित उक्त त्रिदिवसीय खेलकुद समारोहलाई गण्डकी प्रदेशका माननीय सांसद भीम कार्कीले पानसमा दीपप्रज्ज्वलन गरी समुद्घाटन गरे। समुद्घाटन समारोहमा आफ्नो मन्तव्य राख्दै सांसद कार्कीले अभिभावकविहीन, अनाथ र असहाय बालबालिकालाई संरक्षण प्रदान गरी पालनपोषण र शिक्षादीक्षा प्रदान गर्दै आइरहेको एसओएस बालग्रामले वहन गर्दै आइरहेको जिम्मेवारीप्रति सराहना व्यक्त गरे। विद्यालयले आयोजना गरेको खेलकुद प्रतियोगिताले विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा सहयोग पुग्ने सांसद कार्कीको धारणा थियो। एसओएस



बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले स्वागत मन्तव्य राखेका थिए। मन्तव्यका क्रममा प्रधानाध्यापक सुवेदीले नियमित अध्ययनसँगै बालबालिकाको शारीरिक तन्दुरुस्ती र संवेगात्मक सन्तुलित विकासका लागि विद्यार्थीहरूका बीचमा प्रतियोगितात्मक खेलकुद कार्यक्रम आयोजना गरिएको बताए। समारोहमा पोखरा महानगरपालिका वडा नं. १५ का अध्यक्ष तोरणबहादुर बानियाँ, एसओएस बालग्राम पोखराका परियोजना निर्देशक लोब्स्याङ ग्याल्सेन, एसओएस स्कुल पोखराका प्रधानाध्यापक फुर्बू थिन्ले, छोरेपाटनस्थित एसओएस व्यावसायिक तालिम केन्द्रका निर्देशक थुप्तेन स्याम्फेल, एसओएस युवालय गण्डकीका उपनिर्देशक बाबुराम बराल, एसओएस बालग्रामका उपनिर्देशकद्वय राजेन्द्र रेग्मी र भवानी बराल, एसओएस स्कुल गण्डकीका शिक्षक तथा कर्मचारी कल्याणकारी युनियनका अध्यक्ष टीकाराम सुवेदी, एसओएस बालग्रामकी आमा प्रतिनिधि सीता केसीलगायतका अन्य विशिष्ट महानुभावहरूको सहभागिता रहेको थियो। खेलकुद दिवसको समुद्घाटन समारोहमा विभिन्न दूरीका दौड, रिले दौड, लङ् जम्पलगायतका अन्तरसदनात्मक खेलहरू सम्पन्न भएका थिए। प्रतियोगितात्मक खेलका प्रारम्भिक चरणका विजयी विद्यार्थीहरूलाई कार्यक्रमका प्रमुख अतिथि भीम कार्की तथा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले संयुक्त रूपमा प्रमाणपत्र, पुरस्कार तथा पदक प्रदान गरे। खेलकुद समारोहमा विद्यालयमा गठित विभिन्न सदनमा आबद्ध विद्यार्थीहरूले मार्च पास्डका साथै विविध लोकसांस्कृतिक नृत्य पनि प्रदर्शन गरेका थिए। तीन दिनसम्म सञ्चालन हुने विद्यालयको खेलकुद समारोहमा विभिन्न खेलहरू समावेश हुनेछन्।

# आँबुखैरेनीमा पन्ध्र शैयाको अस्पताल

**पोखरापत्र संवाददाता**
**तनहुँ, २१ पुस**

जिल्लाको पूर्वी नाकामा रहेको आँबुखैरेनी गाउँपालिकाले पन्ध्र शय्याको अस्पताल सञ्चालनमा ल्याएको छ।

अस्पताल सञ्चालन भएसँगै गाउँपालिकाका नागरिकलाई उपचारमा सहज भएको छ। गण्डकी प्रदेशकै पहिलो (इएचआर) इलेक्टोनिक्स हेल्थ रेकर्ड प्रविधि जडित अस्पतालबाट सेवा दिन थालिएकाले यहाँका बासिन्दालाई उपचारमा सहज भएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो। "गाउँपालिकाले अस्पतालमा सञ्चालनमा ल्याएको करिब एक महिनाको अवधिमा प्रविधिमैत्री बनाइएको हो। अबको दुई महिनापछि शल्यक्रिया सेवासमेत उपलब्ध गराउन प्रक्रिया अघि बढाइएको छ", उहाँले भन्नुभयो, "पेपररहित कार्यले बिरामीले कागजको भारी बोकेर अस्पताल धाउनुपर्ने समस्या अन्त्य हुने विश्वास लिएका छौँ।" भिडियो एक्सरे, एक्सरे, ल्याब परीक्षणको रिर्पोट र चिकित्सकले रिर्पोटको आधारमा लेखिदिएको औषधिसमेत सबै जानकारी मोबाइलमा आउने व्यवस्था मिलाइएको अस्पताल प्रशासन शाखाका प्रमुख मुकेशकुमार शाहले जानकारी दिनुभयो। नयाँ प्रविधिसहित सबै कोठामा कम्प्युटर जडानका लागि रु पचास लाख खर्च भएको गाउँपालिका कार्यालयले जनाएको छ। कर्मचारीलाई उक्त प्रविधि सम्वन्धी तालिम प्रदान पश्चात् प्रयोगमा ल्याइएको गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख अगमराज उपाध्यायले बताउनुभयो।

# अझै लोकप्रिय छ पानीघट्ट

**–कमल खत्री**
**बेनी, २१ पुस**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका -४, नारच्याङको बेंसी गाउँकी चित्रमायाँ पुर्जालाई बिहानदेखि बेलुकीसम्म पानीघट्टमा भ्याईनभ्याई हुन्छ। गाउँको शिरबाट बग्ने नारच्याङ झरनाको पानी उपयोग गरी पुर्जाको परिवारले पानी घट्ट सञ्चालनमा ल्याएका हुन्।

कुटानी पिसानीका लागि गाउँमा विद्युत्‌बाट सञ्चालन हुने मिल पनि छन् तर पानी घट्टमा पिसेको पिठो स्वादिलो हुने भएकाले स्थानीयबासी घट्टमै पिठो पिस्न लैजाने गर्छन्। स्थानीयस्तरमा उत्पादन हुने कोदो, मकै, कुहुँ, फापरलगायत अन्न पिस्न स्थानीयवासीले पानीघट्ट नै प्रयोग गर्दै आएका हुन्। नारच्याङमा चित्रमायाँ र केशनारायण बुद्धजाका परिवारले दुई वटा पानी घट्ट सञ्चालन गरेका छन्। दुबै परिवारको प्रमुख आयस्रोत पानी घट्टबाट हुने आम्दानी नै हो। ''गाउँमा जग्गाजमिन धेरै हुनेले खेती गर्छन्, हामीले बिहानदेखि बेलुकासम्म घट्ट चलाउँछौँ, प्रतिपाथि पिसेको अन्नको ज्यालावापत एक माना अन्न राख्छौँ, यसैबाट हाम्रो परिवार धानेका छौँ''-चित्रमायाँले भन्नुभयो। परम्परागत रुपमा अन्न पिसानीका लागि घट्ट, जाँतो, ओखल तथा ढिकी प्रयोग हुने गर्थ्यो। पुर्खाहरुले प्रयोग गरेको पानी घट्टले पिसेको पिठो नै स्वादिलो हुने र पौष्टिक तत्व खेर नजाने भएकाले आफूहरुले पनि यसलाई निरन्तरता दिएको अर्का पानीघट्ट सञ्चालक बुद्धजाले बताउनुभयो। पानीबाट चल्ने घट्ट बिजुलीको सुविधा पुगेका ठाउँहरूमा विस्थापित हुने क्रम बढ्दो छ। पिस्न छिटो हुने भएकाले विजुलीबाट चल्ने मिलको प्रयोग बढिरहेको अवस्थामा जलविद्युत् गाउँको रुपमा परिचित नारच्याङमा भने अझै पनि पानीघट्टप्रतिको आकर्षण घटेको छैन्।

उक्त गाउँमा पाँच मेगावाटको घलेम्दीखोला र ४२ मेगावाटको मिस्ट्रीखोला जलविद्युत् आयोजना निर्माण भैसकेका छन्। विद्युत् उत्पादनका लागि आधा दर्जन बढी आयोजनाहरु निर्माणाधीन अवस्थामा रहेको यस वडामा अन्न पिसानीमा भने पानीघट्टकै प्रयोग बढ्दो छ। यहाँ सञ्चालनमा रहेका पानी घट्ट स्थानीयवासीको अन्न पिसानीको माध्ययमसँगै परम्परागत जीवनशैलीबारे अध्ययन र अवलोकन गर्ने थलोको रुपमा समेत विकास हुन थालेका छन्।

शहरी क्षेत्रमा हराएका पानी घट्ट नारच्याङमा भने सञ्चालनमा रहेको देख्न पाउँदा पुरानो जीवनशैलीको झझल्को आएको पानीघट्ट अवलोकन गर्नुभएकी बेनीकी रीम थापाले बताउनुभयो। वेंशी गाउँदेखि नारच्याङ झरनाको भ्यू-पइन्टमा उक्लने बाटैमा रहेको सो पानीघट्ट र झरनाको अवलोकनका लागि जाने पर्यटकका लागि आकर्षणको विषय बनेको त्यहाँका वडाध्यक्ष लोकबहादुर फगामीले बताउनुभयो। अन्नपूर्ण प्रथम आधार शिविरमा अवस्थित यस वडामा पछिल्लो समय मनमोहक नारच्याङ झरनाको अवलोकनका लागि आउने आन्तरिक पर्यटकहरुको सङ्ख्या बढ्दो रहेको र अधिकांशले पानीघट्ट पनि रुचिका साथ अवलोकन गर्ने गरेको उहाँले जानकारी दिनुभयो।

''हाम्रो परिवारको आयआर्जनको स्रोतको रुपमा घट्ट चलाएका हौँ, अहिले धेरैजना अवलोकनका लागि पनि आउँछन्, घट्टको बारेमा जिज्ञासा राख्छन्, र फोटो तथा भिडियो खिचेर लैजाने गर्छन्'', घट्ट सञ्चालिका पुर्जाले भन्नुभयो। नारच्याङको घरापमा समेत पानी घट्ट सञ्चालमा थियो। केही वर्षअघि कालीगण्डकीमा आएको बाढीले यहाँको घट्ट बगाएको हो। करिब दुई दशक अघिसम्म नारच्याङको लेकगाउँमा पाँच वटा, बेंशीमा चार वटा र घरापमा तीन वटा पानी घट्ट सञ्चालनमा थिए। बिजुलीको सुविधासँगै पानीघट्ट विस्थापित भएको अवस्थामा पुनः दुई वटा नयाँ पानीघट्ट सञ्चालनमा आएपछि राहत भएको स्थानीयवासीको भनाइ थियो। नारच्याङसँगै अन्नपूर्ण गाउँपालिका-३ दानामा समेत स्थानीयबासीले पानी घट्टलाई निरन्तरता दिएका छन्। दानाको घट्टेडाँडामा मात्रै आठ वटा पानीघट्ट सञ्चालनमा छन्। मिलमा छिटो हुने भए पनि स्वाद हराउने भएकाले स्थानीयवासीले अन्न पिस्न पानी घट्टकै प्रयोग गर्ने गरेको पूर्ववडाध्यक्ष समेत रहनुभएका पानी घट्ट सञ्चालक नरसिंह पुर्जाले बताउनुभयो। यहाँका पानीघट्टमा परम्परागत प्रविधि नै प्रयोग गरिएको छ। दानाका यी घट्टमध्ये तीन वटा स्थानीय ज्ञान प्रकाश माविको आयस्रोतमा टेवा पुऱ्याउने उद्देश्यले स्थापना गरिएका थिए।

पछि घट्ट जीर्ण भएको र मर्मतमा बढी खर्च लाग्ने भएकाले विद्यालयलाई आयआर्जन हुन छाडेको विद्यालयका पूर्वप्रधानाध्यापकसमेत रहनुभएका पुर्जाको भनाइ थियो। सोही गाउँपालिका-२स्थितभुरुङतातोपानीमा समेत पानीघट्ट सञ्चाल भइरहेको छ। परम्परागतरुपमा पानीघट्ट सञ्चालन भएका ठाउँलाई 'घट्टेखोला' र 'घट्टेकुलो' नामाकरण गर्ने प्रचलन थियो। जिल्लाका करिब एक सय ५० स्थान यस्तै नामले चिनिन्छ।

## Galyang Municipality
## Office of The Municipal Executive
**Galyang, Syangja**
**Gandaki Province, Nepal**

# Invitation for Bids (IFB)

**for**

**Procurement of Construction of Prakritik Chikitsalaya(Nature Cure Hospital) in Malunga, Syangja and Procurement of Fabricated Steel Parts for Galkot Ma.Vi.Jimuha Lamachour Suspended Bridge**

**IFB NO:10/2079-80 , 11/2079-80**
**First Date of Publication: 06/01/2023 ( 2079/09/22)**

1.Construction of one storeyed RCC Hospital Building including sanitary and electrical works
2. Procurement of Fabricated Steel Parts for Galkot Ma.Vi.Jimuwa Lamachour

| S. N. | Contract No. | Description of work | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bidding Document NRs |
|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/NCB/ WORKS/ 10/2079/080 | Procurement of Construction of Prakritik Chikitsalaya (Nature Cure Hospital) in Malunga, Syangja | 05/02/2023 12.00 Hours | 05/02/2023 14:00 Hours | 5,000 |
| 2. | Contract ID: GM/SYA/NCB/ WORKS/ 11/2079/080 | Procurement of Fabricated Steel Parts for Galkot Ma.Vi.Jimuwa Lamachour suspended bridge | 20/01/2023 12.00 Hours | 20/01/2023 14:00 Hours | 1,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Galyang Municipality, Galyang, Syangja, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



**जन्म:**
**१९९४ भाद्र १० गते**

**स्वर्गारोहण:**
**२०७९ पौष १४ गते**

**स्व. जगत प्रसाद ध्वजू**

हाम्रा आदरणीय काका रामबजार तायाः मचाः नाच समिति, नेवा मिसा पुच र रामबजार ल्याम्हे पुचराम बजार १०/१५ पोखराका सहयोगी रामबजार पोखरा १० निवासी चमेली ध्वजू र बिमलादेवी ध्वजूका पुजनीय पति पुञ्जा ध्वजू र शुरेस कुमार ध्वजूका बुबा समाजसेवी, मृदुभाषी अति मिलनसार **जगत प्रसाद ध्वजू**को ८६ वर्षको उमेरमा असामयीक स्वर्गारोहण हुनुभएकोमा हामी रामबजारबासी तथा रामबजार तायाः मचाः नाच समिति, रामबजार नेवाः मिसा पुचः र रामबजार नेवाः ल्याम्ह पुचः रामबजार परिवार अति मर्माहत भएका छौं यस दुःखद घडिको आज नवौ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सम्मर बहादुर श्रेष्ठ**
**अध्यक्ष तथा**
**रामबजार तायाः मचाः नाच समिति**
**रामबजार १०/१५ पोखरा परिवार**

**अम्बिका राजभण्डारी**
**अध्यक्ष तथा**
**रामबजार नेवाः मिसा पुचः**
**रामबजार १०/१५ पोखरा परिवार**

**सुरज तझ्या**
**अध्यक्ष तथा**
**रामबजार नेवाः ल्याम्ह पुचः**
**रामबजार १०/१५ पोखरा परिवार**